## ७. गाउँ सभा बैठकमा उपाध्यक्ष श्री ईन्दिरा तिवारीले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७५/०७६ को बजेट बक्तब्य

**आदरणीय सभाध्यक्ष महोदय,**

संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएपछि संविधान र संघीय सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट पछि स्थानीय सरकारको आर्थिक वर्ष २०७५/०७६ को बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउदा अत्यन्तै गौरवान्वित भएको छु ।

राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र, गणतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान गर्ने अमर शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। मुलुकको परिवर्तन अग्रगमनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्नु हुने सबै राजनीतिक अग्रजप्रति सम्मान ब्यक्त गर्न चाहान्छु। ऐतिहासिक जनआन्दोलन, सशस्त्र विद्रोह, सशस्त्र संघर्ष तथा जनयुद्ध र जनआन्दोलन लगाएत सबै प्रकारका त्याग र बलिदानका गौरवपूर्ण इतिहासलाई स्मरण गर्न चाहन्छु। साथै घाइते, बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिकप्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु।

राज्यको निर्देशक सिद्धान्त, संघीय सरकारको आर्थिक नीति र दिगो विकासका लक्ष्य प्राप्ति, प्रदेश सरकारको नीति तथा कार्यक्रम र शहिद लखन गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु। मैले यस सम्मानित सभामा गाउँ कार्यपालिकाका सदस्यज्यूहरुको सल्लाह सुझाव तथा विभिन्न समाजसेवी, राजनीतिक दलका नेता गणहरुको सल्लाह सुझावलाई समेत ध्यानमा राखि बजेट निर्माण गरेको छु। स्थानीय तहमा रहेका सबै प्रकारका विभेद, वहिष्करण, उत्पीडन, वञ्चितिकरण र असमानताको अन्त्य गर्नको लागि समन्यायिक वितरण र पुनर्वितरणका माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण गरिने छ।

गाउँपालिकाले बजेटका उद्देश्य र प्राथमिकताको कार्यान्वयनकालागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र रणनीतिक साझेदारी गर्दै उपलब्ध श्रोत र साधनको उपयोग गरिनेछ।

**सभाध्यक्ष महोदय,**

वित्तीय संघीयता कार्यान्वयनका लागि बनाइएका मानक र मापदण्डको आधारमा स्थानीय सरकारले प्राप्त गरेको र प्राप्त गर्ने वित्तीय समानीकरण, शसर्त अनुदान, समपूरक तथा विशेष अनुदान र राजश्व बाडँफाटँलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्राथमिकीकरण गरी लगानी केन्द्रित गरेको छु। यो लगानीबाट स्थानीय स्तरको विकास र समृद्धिका प्रमुख लक्ष्यहरु हासिल गर्न उत्पादन बृद्धि, गरिबी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारीका अवसरमा अभिवृद्धि गर्दै समुन्नत गाउँपालिकाको जग बसाल्ने दिशातर्फ केन्द्रित गरेको छु।

**शहिद लखनको विकास र समृद्धिको द्वार, कृषि, पर्यटन र जलस्रोत मूल आधार** भन्ने नारालाई सार्थक तुल्याउन र गाउँपालिकालाई समृद्ध बनाउन कृषि, सडक, भौतिक पूर्वाधार, पर्यटन लगायतका क्षेत्रमा प्राथमिकता दिइएको छ।

यस गरिमामय गाउँसभामा मैले मिति २०७५/३/३ गतेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्णय गरे अनुसार गाउँपालिकाको रू अड्चालिस करोड चौध लाख एकचालिस हजार सात सय सैतिस रुपैयाँ बरावरको बजेट सीमामा रहि यस आर्थिक वर्षको बजेट विनियोजन गरेको छु।

त्यस अन्तर्गत संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान मार्फत रु चौध करोड पचासी लाख रुपैयाँ, सशर्त अनुदान तर्फबाट रु सोह्र करोड चौबीस लाख र राजश्व वाडँफाँट बाट रु छ करोड चौहत्तर लाख एक्काईस हजार प्राप्त भएको छ। यसरी संघीय सरकारबाटशहिद लखन गाउँपालिकाले जम्मा रु सैतिस करोड त्रियासी लाख एक्काइस हजार प्राप्त गरेको  जानकारी यस सभामा गराउदछु।

**सभाध्यक्ष महोदय,**

- यसै गरी गण्डकी प्रदेश सरकारबाट वित्तीय समानिकरण मार्फत रू एक करोड एक्काईस लाख पन्ध्र हजार, राजश्व बाडँफाँट मार्फत बत्तीस लाख पचपन्न हजार सात सय सैतीस रुपैया प्राप्त गरेको   छ।
- राजश्व परामर्श समितिको मिति २०७५/२/३० गतेको बैठकले यस आ.व. मा रु एक करोड सत्ताइस लाख पचास हजार बरावरको आन्तरिक राजश्व संकलन हुने प्रक्षेपण गरेको छ।

- जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला तथा दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ताका लागि रु सात करोड पचास लाख रुपैयाँ सशर्त अनुदानमा प्राप्त हुने अनुमान गरिएको यस सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

हामीलाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा गाउँपालिकाको आन्तरिक राजश्व समेतको आधारमा आगामी आ.व. २०७५/०७६ को लागि रु अड्चालिस करोड चौध लाख एकचालिस हजार सात सय सैतिस रुपैया बरावरको रकमलाई मिति २०७५/३/१० गतेको कार्यपालिको बैठक र मिति २०७५/३/३ गतेको बसेको श्रोत अनुमान तथा बजेट निर्धारण समितिको बैठक, विषयगत समिति एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक र गाउँ कार्यपालिकाको मिति २०७५/३/२८ गतेको छलफलबाट प्रस्तावित चालु खर्च तथा पूँजीगत योजना तथा कार्यक्रम स्वीकृत गरी तर्जुमा गरिएको शहिद लखन गाउँपालिकाको विनियोजन विधेयक, २०७५ छलफल एवं स्वीकृतिको निम्ति यस गरिमामय सभा समक्ष पेश गर्न गैरहेको छु ।

**सभाध्यक्ष महोदय,**

- गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को प्रस्तावित अठ्चालिस करोड चौध लाख एकचालिस हजार सात सय सैतिस रुपैया कूल बजेट मध्ये चालु तर्फ जम्मा अट्ठाइस करोड छयासि लाख चौरासि हजार रुपैया र पूँजीगत योजना कार्यक्रम तर्फ रु उन्नाइ करोड सत्ताईस लाख सन्ताउन्न हजार सात सय सैतिस रुपैया विनियोजन गरेको छु ।

## चालु खर्च कार्यक्रम तर्फ

**सभाध्यक्ष महोदय**,

- यस शहिद लखन गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तलब भत्ता तथा सुविधाको लागि रु दुई करोड चौवालिस लाख सतासी हजार रुपैया विनियोजन गरेको छु ।
- त्यसैगरी पदाधिकारीको मासिक सुविधा र अन्य सुविधाको लागि रु एक करोड सात लाख सन्तानब्बे हजार रुपैया विनियोजन गरेको जानकारी गराउन चाहन्छु ।
- कार्यालय संचालन तर्फ रु एक करोड दश लाख  रुपैया बरावर हुने गरि विनियोजन गरिएको छ ।
- संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानको कार्यक्रम  संचालन गर्न रु सोह्र करोड चौबिस लाख रुपैया विनियोजन गरिएको छ ।
- त्यसै गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्न सात करोड पचास लाख रुपैयाँ अनुमान गरि विनियोजन गरेको छु ।

## पूँजीगत योजना कार्यक्रम तर्फ

**सभाध्यक्ष महोदय,**

अब म पूँजीगत बजेटतर्फ विषयगत हिसाबले प्रस्तावित बजेट तथा कार्यक्रमबारे यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु । गाउँपालिकाको नागरिकहरुको समस्या र आवश्यकता, दिगो विकास एवं सम्वृद्ध गाउँपालिका निर्माणको विषयलाई ध्यानमा राखि टोल, वस्ति, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदैं गाउँ कार्यपालिकाको बैठकको छलफल एवं निर्णयको आधारमा तर्जुमा गरिएको शहिद लखन गाउँपालिकाको आ.व. २०७५/०७६ को पूँजीगत तर्फ उन्नाईस करोड सत्ताइस लाख सन्ताउन्न हजार सात सय सैतिस रुपैया प्रस्ताव गरेको छु ।

**अ) आर्थिक विकास**

- आर्थिक विकासको लागि कूल एक करोड चौउन्न लाख रुपैया रकम विनियोजन गरेको छु ।
- यस मध्ये, पर्यटन क्षेत्रको विकास र विस्तारको लागि रु पच्चिस लाख रुपैया विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको विकास तथा कृषक अनुदान र सहयोगको विकासको लागि रु अठ्सट्ठी लाख रुपैया विनियोजन गरेकोछु ।
- पशु पालक कृषक हरुको लागि रु साठी लाख रुपैया विनियोजन गरेको छु ।
- त्यसै गरी सहकारी क्षेत्रको विकासको लागि रु एक लाख रुपैया विनियोजन गरेको जानकारी यस सभामा गराउदछु ।

**आ) सामाजिक विकास**

- सामाजिक विकास क्षेत्रको लागि कूल तीन करोड सतहत्तर लाख सन्ताउन्न हजार सात सय सैतिस रुपैया विनियोजन गरेको छु ।
- यस मध्येबाट खानेपानी तथा सरसफाई क्षेत्रको लागि रु त्रिपन्न लाख पचाँस हजार रुपैया विनियोजन गरेको छु ।
- संस्कृति क्षेत्रको संरक्षण र प्रवर्धनको लागि त्रिचालिस लाख रुपैया विनियोजन गरिएकोछ ।
- त्यसै गरी लैङ्गिक समानता र सामाजिक समावेशिकरण क्षेत्रको लागि अट्चालिस लाख सइतिस हजार सात सय सैतिस रुपैया विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको विकासको लागि एक करोड पन्ध्र लाख पचास हजार विनियोजन गरेको छु। बालकक्षा सहजकर्ताहरुको मासिक भत्ता रु तीन हजारको दरले थप हुने गरी रकम विनियोजन गरेको समेत यस सभामा जानकारी गराउन चाहन्छु ।
- स्वास्थ्य क्षेत्रको लागि रु एकसट्ठी लाख रुपैया विनियोजन गरेको छु। सशर्त अनुदान मार्फत एक वटा बाह्य खोप केन्द्र निर्माण गर्न रकम प्राप्त भएको र दुर दराजका जनतालाई स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले थप एक बाह्य खोप केन्द्र निर्माण गर्न रकम विनियोजन गरिएको छ ।
- यूवा तथा खेलकुद क्षेत्रको विकास गर्न रु बाउन्न लाख सत्तरी हजार रुपैया विनियोजन गरिएको छ ।
- विभिन्न संघ संस्था अनुदानको लागि रु पचास हजार रुपैया, टोल सुधारको लागि रु एक लाख रुपैया र फर्निचर खरिदको लागि रु दुई लाख रुपैया विनियोजन गरेको छु ।

**इ) पूर्वाधार विकास**

- पूर्वाधार विकासका लागि कूल नौ करोड एकाउन्न लाख असी हजार रुपैया विनियोजन गरेको छु ।
- यातायात सुविधालाई सरल र सहज बनाउन सडक निर्माण तथा स्तरउन्नती गर्नको लागि रु छ करोड एकसट्ठी लाख रुपैया विनियोजन गरेको छु । यस मध्ये रामशाह घाट ढाडबारी तिउरेभञ्ज्याङ्ग मनकामना सडक स्तरउन्नती तथा कालोपत्रेको लागि रु एक करोड विनियोजन गरेको छु। यसै गाउँपालिकाको अन्य मुख्य सडकहरुको लागि पनि आवश्यक रकम विनियोजन गरेको छु ।
- गाउँ घरमा रहेका गोरेटो बाटो तथा सिढि निर्माण गर्न रु एक्काईस लाख असी हजार रुपैया विनियोजन गरेको छु ।
- वडा कार्यालय भवन बन्न बाँकी रहेका विभिन्न वडा कार्यालय तथा स्वास्थ्य चौकी भवन निर्माण तथा मर्मत संहारको लागि रु दुई करोड चौवालिस लाख रकम विनियोजन गरेको छु ।

- उर्जा क्षेत्रको विकास र बिद्युतिकरणको लागि चौबिस लाख विनियोजन गरेको छु। मनकामना बजार क्षेत्रमा पर्यटकहरुलाई मध्येनजर गर्दै सोलार बत्ती जडान गर्न बजेट विनियोजन गरेको यस सभा समक्ष जानकारी गराउदछु ।
- यस गाउँपालिका क्षेत्र अन्तरगत राईनास ठेउवाटारमा रहेका झोलुङ्गे पुलहरुको मर्मत संहार गरि आवागमनलाई सहज बनाउन रु एक लाख विनियोजन गरेको छु ।

**ई) वन, वातावरण तथा विपद् ब्यवस्थापन**

- वन वातावरण तथा विपद् ब्यवस्थापनको लागि रु त्रिपन्न लाख पचास हजार विनियोजन गरेको छु ।
- वातावरण संरक्षण, वन जंगल संरक्षणको लागि रु पाँच लाख पचास हजार विनियोजन गरेको छु । यस अन्तरगत गाउँपालिकामा नर्सरीको स्थापना गरी उपयोगी हुने खालका बोटविरुवा उत्पादन गरी सामुदायिक वन तथा कृषकहरुलाई वितरण गरिनेछ ।
- फोहोर मैला ब्यवस्थापन तथा सरसफाइ गरी वातावरणलाई स्वच्छ र सफा बनाउनकालागि रु आठ लाख रुपैया विनियोजन गरिएको छ ।
- विभिन्न विपद् तथा भैपरि आउने समस्याहरुको समाधानका लागि विभिन्न कोषहरुमा सैतिस लाख पचास हजार रुपैया विनियोजन गरेको कुरा यस सभामा जानकारी गराउदछु ।

**उ) सुशासन तथा संस्थागत विकास**

- सुशासन तथा संस्थागत विकासको लागि दुई करोड उनान्सत्तरी लाख सत्तरी हजार विनियोजन गरेको छु ।
- गाउँपालिका र  यस अन्तरगतका कार्यालयको कर्मचारी, पदाधिकारी तथा उपभोक्ता समितिको क्षमता विकास तथा संस्थागत विकासको लागि रु दुई करोड छब्बीस लाख सत्तरी हजार विनियोजन गरेको छु ।
- मानव संसाधन तथा ब्यवस्थापन कोषको लागि रु दुई लाख पचास हजार विनियोजन गरिएको छ ।
- सामाजिक सुशासन र गाउँपालिकाका गतिविधिहरुलाई जनता सामु सार्वजनिकीकरण गर्नका लागि सार्वजनिक सुनुवाई अन्तर्गत रु पाँच लाख रुपैया विनियोजन गरिएको छ ।
- गाउँपालिका र अन्तरगतका कार्यालयहरुलाई सूचना प्रबिधि मैत्री बनाउदै लैजाने उदेश्य अनुरुप सूचना र प्रबिधिका लागि रु पैतिस लाख पचास हजार विनियोजन गरिएको छ ।

**ऊ) विभिन्न कोष ब्यवस्थापन**

- विभिन्न कोषहरुको ब्यवस्थापन गर्न एक करोड एक्काईस लाख रुपैया विनियोजन गरिएको छ । जस अन्तरगत प्रथम शहिद लखन थापा मगर स्मृति पुरस्कार अक्षय कोषको लागि रु पाँच लाख र माई मनकामना पुरस्कार अक्षयकोषको लागि रु पाचँलाख रकम विनियोजन गरिएको छ ।
- यसै गरी गाउँपालिका अन्तरगत विपन्न भूकम्प पीडित लाभग्राहीहरुलाई निजी आवास पुन निर्माणमा सहयोग पुर्‍याउनको निम्ति भूकम्प पीडित घुम्ति कोष (विउँ पूँजीको रुपमा)स्थापनागर्न प्रत्येक वडालाई रू एक लाखका दरले हुने गरी रु नौ लाख रुपैया विनियोजन गरेको छु ।